puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं:. ०७९।०८०
च:.नं. १००८

मिति: २०७९।१०।२९

विषय : समन्वय र कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
पुथा उत्तरगङ्गा गाउँपालिका, रुकुम पूर्व ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१५९, मिति २०७९।१०।२७ गते र श्री सर्वोच्च अदालत (फैसला कार्यान्वयन निर्देशनालय) को च.नं२६० र मिति २०७९।१०।१९ गतेको पत्रको पाना-३ र थान १ यसैसाथ संलग्न गरी राखिएको छ । सोहिबमोजिम आवश्यक कार्यान्वयनको प्रक्रिया अघि बढाउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७९।१०।२९

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री सूचना प्रविधि शाखा पुउगापा, Website मा प्रकाशन र अन्य माध्यमबाट सूचना प्रवाह गर्नुहुन ।
श्री ई.प्र.का., तकसेरा, आवश्यक समन्वय गरिदिनुहुन ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद व्यवस्थापन शाखा)

पत्र संख्या : ०७९/०८०

चलानी नं. : ९५९

मितिः २०७९/१०/२७

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

श्री महानगर/उपमहानगर/नगरपालिका, (सबै)

श्री गाउँपालिका, (सबै) ।

विषयः आदेश कार्यान्वन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा फैसला कार्यान्वयन निर्देशनालयको च.नं २६०, मिति २०७९/१०/१९ को पत्र यसैसाथ संलग्न छ। संलग्न पत्रमा उल्लेख भए बमोजिम सम्मानित सर्वोच्च अदालतबाट मिति २०७९/०९/३० मा जारी आदेशको कार्यान्वयनको लागि प्राप्त पत्र यसैसाथ संलग्न राखी त्यहाँ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(सन्तोष कुमार खत्री)

शाखा अधिकृत

श्री प्रशासन शाखा / सूचना अधिकारी आवश्यक प्रक्रिया पुरा गरी गाउँपालिकाको वेबसाइटमा राख्न सम्बन्धित सबैलाई जानकारी गराउनुहुन। २०७९/१०/२९

उत्तरगंगा गाउँपालिकाको कार्यालय तकसेरा, रुकुम (पूर्व) दर्ता नं.: ९४२४ दर्ता मिति: २०७९/१०/२९

६/११ १५४ 0651५10८0

श्री सर्वोच्च अदालत

# फैसला कार्यान्वयन निर्देशनालय

बबरमहल काठमाडौं
फोन नं.: ०१-४२५९६०२
०१-४२४८२५१
वेबसाइट:www.supremecourt.gov.np
इमेल:ied@supremecourt.gov.np

पत्र संख्या :०७९/०८०
चलानी नं. : २६०

मिति २०७९/१०/१९

बिषयः आदेश कार्यान्वयन सम्बन्धमा ताकेता ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २६२०
दर्ता मिति:- १०/२०

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा), सिंहदरबार, काठमाण्डौं।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार,काठमाण्डौ।
श्री वन तथा वातावरण मन्त्रालय ।
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार,काठमाण्डौ।

उपरोक्त सम्बन्धमा निवेदक वातावरणीय विकास तथा संरक्षण कानून मञ्चको तर्फबाट र आफ्नो हकमा समेत पदम बहादुर श्रेष्ठ र विपक्षी तहाँ मन्त्रालय समेत भएको ०७३-WO-०७४८ को परमादेश समेतको रिट निवेदनमा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७४/०९/३० मा भएको परमादेशको आदेश कार्यान्वयनको सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.७१२/६६७० मिति २०७९/०२/२३ को वोधार्थ पत्र मार्फत उक्त आदेश तहाँ मन्त्रालयसंग सम्बन्धित देखिएकोले उक्त आदेश कार्यान्वयनका सम्बन्धमा ताकेताका साथ प्रस्तुत पत्र लेखिदैछ।

श्री सर्वोच्च अदालतको मिति २०७४/०९/३० को आदेशमा "...नेपालको संविधानको विभिन्न धाराहरुमा प्रदत्त मौलिक हकका प्रावधानहरुले पनि प्रत्येक ब्यक्तिबाट समुदायलाई स्वच्छ वातावरणमा बाँच्ने पाउने हक प्रत्याभूत गरेको अवस्था देखिन्छ। धारा ३० द्वारा प्रदान गरिएको स्वच्छ वातावरणको हक अन्तर्गत नागरिकलाई स्वच्छ र स्वच्य वातावरणमा वाच्न पाउने हक हुनेछ भनी वातावरणलाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको हुँदा वातावरणको संरक्षणको र प्रदुषण नियन्त्रणको कार्यमा रहेको भन्ने आधारमा मात्र सरकार तथा सम्बन्धित निकाय सुस्त रही बस्न नसक्ने भएकोले प्रस्तुत रिट खारेज भए तापनि निम्न बमोजिमका कार्यहरु गर्नू गराउनू भनी विपक्षीहरुको नाममा निम्नानुसारको निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

१ २० वर्ष पूराना भाडाका सार्वजनिक साधनहरु ब्यवस्थापन गर्ने सम्बन्धमा २०७१/११/१८ मा प्रकाशित सूचना बमोजिम कारवाहीलाई चुस्त, दुरुस्त रुपमा कार्यान्वयन गर्न नियमित रुपमा सवारी चेक जाँच गर्ने ब्यवस्था मिलाउनू।

२ २० वर्ष पूराना भइनसकेका सवारी साधानहरुबाट पनि धुवाँको कारण प्रदुषण बढी भई वातावरण बिग्रने अवस्था भएकोले साना, ठूला प्रत्येक सवारी साधनहरुको नियमित र अनिवार्य जाँच गर्ने प्रणाली स्थापित गर्नू।

३ दैनिक रुपमा सडकको सरसफाईको जिम्मेवारी लिएका निकायहरु महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिकाहरुले अनिवार्य रुपमा सदैव सडकको ब्यवस्थाको लागि पर्याप्त कर्मचारी तथा आवश्यक मेशीनरी साधन समेतको ब्यवस्था गरी निश्चित ब्यक्ति, कर्मचारी वा संस्थालाई जिम्मेवारी दिनू र त्यस्तो जिम्मेवारी पूरा नगर्ने ब्यक्ति, कर्मचारी वा संस्थालाई कारवाही गर्ने संयन्त्र समेत निर्माण गर्नू।

४ विभिन्न आयोजना र परियोजनाहरुले सडक भत्काउँदा तथा निर्माण गर्दा एक आपसमा समन्वय गरी निर्माण गर्ने तथा भत्काएका सडक, संरचनाहरुबाट प्रदुषित हुने धुँवा, धुलो नफैलने ब्यवस्था गरी यथाशिघ्र सडक पुनःस्थापनाको कार्य गर्न संयन्त्र निर्माण गरी शिघ्र कार्यान्वयन गर्नू।

श्री रत्ना ... 
का.मु. निर्देशकको लागि

५ काठमाण्डौं उपत्यका भित्रका सडक निर्माणको कार्य गर्दा परियोजना समयमा नै सम्पन्न गराउने तर्फ सम्बन्धित निकायले निरन्तर अनुगमन र निरीक्षण गर्नु गराउनू होला।सडक खन्दा वा निमार्ण गर्दा वातावरण र जनसाधारणको स्वाथ्यलाई बढी भन्दा बढी ध्यान दिई समय-समयमा धुँवा नउड्नको लागि सम्बन्धित क्षेत्रमा नियमित पानी छर्कने ब्यवस्था मिलाउनू।

६ २०७२ साल बैशाख १२ गते नेपालमा गएको विनाशकारी भूकम्प र त्यसपछि सो भूकम्पका निरन्तर गएका पराकम्पनबाट भत्केका घर, पुरातात्विक महत्वका संरचना लगायतका कार्यहरुको काठमाण्डौं उपत्यकामा पुनः निर्माण गर्दा वातावरणीय स्वच्छतालाई ध्यान दिई घर बनाँउदा सडकमा हिड्ने मानिस वा सवारी साधनलाई क्षति नहोस भन्नको लागि निर्माण स्थलमा जालीद्वारा घेराबेरा गरेर मात्र गर्ने गराउने ब्यवस्था गराउनू।

७ काठमाण्डौं उपत्यका भित्र सडकमा खानेपानीको पाइपलाइन बिस्तार गर्ने क्रममा सडक खनेर तत्काल खानेपानीको पाइप राखेपछि त्यसलाई छोप्ने र पक्की नबन्दा सम्म त्यसमाथि कार्पेटिङ गर्नू गराउनू र समय समयमा ब्रुमर र पानी छर्कने ब्यवस्था गर्नू गराउनू।

८ काठमाण्डौं उपत्यकामा गुड्ने सवारी साधानबाट वायु प्रदुषण गराउने खालका धुँवा र अत्यन्त कुरुप साधनको निरन्तर अनुगमन निगरानी गरी त्यस्ता सवारी साधनलाई वातावरणीय प्रदुषणमा न्यूनीकरण गर्ने संयन्त्र राख्न लगाउनू।

९ फोहोरमैला र निर्माण सामग्री बोकेर हिडेंका सवारी साधानलाई फोहोरमैला र निर्माण सामग्री अनिवार्य रुपमा छोपेर मात्र गुड्ने ब्यवस्था मिलाउनू।

१० हाम्रो वातावरण हाम्रै लागि हो भन्ने सोची वातावरण संरक्षणलाई सबै विपक्षी निकाय र पदाधिकारीले स्वच्छ र सफा राख्ने उपायहरुलाई वातावरणीय स्वच्छ र हरियाली शहरको रुपमा परिचित गराउने तर्फ अग्रसर हुनु आवश्यकता देखिंदा सो अनुसार गर्नू गराउनू। काठमाण्डौं उपत्यकाको सडक पेटीमा रुख विरुवा रोप्ने रोपाउने, दुबो र घाँसको ब्यवस्थापन गर्ने गराउने गर्नू।

११ सरकारी तवरमा काठमाण्डौं उपत्यकाको प्रदुषणको स्तर मापन गर्न उपत्यकाको तिनै जिल्लामा सवारी बढी आवागमन हुने र विकास निर्माण कार्य भइरहेका स्थानमा प्रदुषण मापन यन्त्र स्थापना गरी तोकिएको मापदण्ड नाघेको छ,छैन? भनी नियमित रुपमा अनुगमन गर्ने संयन्त्र स्थापना गर्नू।

१२ सडकको फोहोरमैला र सवारी साधनबाट निस्कने धुँवा धुलोले स्वच्छ वातारण कायम हुनेमा प्रत्यक्ष असर परेको देखिएको वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ र नेपाल सवारी प्रदुषण मापदण्ड,२०६९ लाई तत्काल कार्यान्वयन गर्नू।

१३ निर्माण कार्यबाट उत्सर्जन भएको माटो सहितको फोहोरमैला, सडकमा छाडेको र सडक खाल्डाखुल्टी भएको कारण वातावरणमा प्रत्यक्ष रुपमा असर परेकोले तत्काल त्यसको ब्यवस्थापन गरी सदैव सफा राख्ने कार्य गर्नू। यो निर्देशनात्मक आदेशको कार्यान्वयनको लागि आदेशको जानकारी विपक्षीहरुलाई दिनू ..." भन्ने समेत व्यहोराको आदेश भएको देखिन्छ।

अतः वातावरणीय प्रदुषणले जनहितमा पार्ने नकारात्मक प्रभावलाइ मध्यनजर गरी उक्त आदेशको कार्यान्वयन यथाशिघ्र गरी गराई यस निर्देशनालयमा पठाईदिनुहुन निर्देशानुसार अनुरोध छ।

२०७६।१०।१९

शोभा ढुङ्गाना

शाखा अधिकृत

शाखा अधिकृत